## राज्यको भूमिका

नेपालको संविधानको भाग ३ को धारा ३८ मा महिलाको हक मौलिक हकको रुपमा व्यवस्था गरिएको छ, उक्त व्यवस्था अनुसार प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुने र महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनि व्यवस्था गरेको छ । यसै गरी संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत सामाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने भनि सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीतिमा उल्लेख छ ।

छाउपडी प्रथा जस्तो भेदभाव पुर्ण व्यवहारका विरुद्ध सर्वोच्च अदालतले नेपाल सरकारका नाममा २०६२ साल बैशाख १९ गते छाउपडी प्रथालाई कुरीति घोषणा गरिएको थियो ।

वर्षौंदेखि समाजमा जरा गाडेर बसेको यस खाले कुप्रथा सरकारी घोषणाले मात्र समाप्त हुदैन । त्यसका लागि स्वयं समुदायका सदस्यहरु नै जागरुक हुनुपर्दछ । अहिले भने छाउपडी प्रथा अन्त्य गर्नका लागि विभिन्न सामाजिक संघसंस्था र समुदाय आफै पनि सक्रिय साथ लागिपरेको छ ।

## समुदायको भूमिका र प्रयासहरु



छाउपडी प्रथा विरुद्ध समुदाय स्तरमा समेत विभिन्न जनचेतनामुलुक कार्यक्रम, घरदैलो अभियानहरु गरिएका छन् । विभिन्न व्यक्ति, संघ संस्था तथा महिला तथा किशोरी, धामी, झाक्रीहरु समेत यो कुरीति विरुद्ध खुलेर बोल्न थालेका छन । छाउ गोठहरु समुदाय स्वयंको नेतृत्वमा भत्काउन थालेका छन् । ती सबैको सामुहिक प्रयास स्वरुप



छाउपडी प्रथा खुकुलो बन्दै जान थालेका छन् । ती सबैको सामुहिक प्रयास स्वरुप छाउपडी प्रथा खुकुलो बन्दै जान थालेको छ । वर्तमान समयमा छाउपडी प्रथा जस्तो अन्धविश्वासमा अल्झिएर बस्न हुदैन । **सुदूरपश्चिम प्रदेश** विकासको दृष्टिकोणले पछि परेको छ । आर्थिक, सामाजिक, मानव विकासको बाधक मध्येको एउटा कुरीति छाउपडी कुप्रथा पनि एक हो । महिनावारी महिलाहरुको लागि अभिषप होइन, वरदान हो भन्ने सावित गर्न हामी सबैको हातेमालो हुनु जरुरी छ ।


**प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**सुदूरपश्चिम प्रदेश**
**धनगढी, कैलाली**
**फोन नं. ०९१-५२५००९**
**ईमेल:** mosdkailali07@gmail.com
**वेब:** www.mosd.p7.gov.np


**छाउपडी कुप्रथा विरुद्ध कुनै घटना तथा जानकारीहरु भएमा सम्बन्धित स्थानिय तह, जिल्ला प्रहरी कार्यालय, महिला बालबालिका सेवा केन्द्र र सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश को निशुल्क टोल फ्रि नं. १६६०९१५५६३ मा फोन गरी महिला तथा किशोरीहरुको संरक्षण तथा अधिकारको प्रवर्द्धन गर्दै छाउपडी कुप्रथा अन्त्यका लागि एकजुट हाऔं ।**

# महिनावारी

महिलाका लागि अभिषाप होइन, वरदान हो ।



**छाउपडी प्रथा विरुद्धको अभियानलाई तपाई र हाम्रो साथ, सहयोग र सहभागितामा सफल परौं ।**

## परिभाषा



सुदूरपश्चिम प्रदेश का अछाम, बाजुरा, बझाँङ, डोटी, दार्चुला, बैतडी, डडेल्धुराका ग्रामीण क्षेत्रका महिला तथा किशोरीहरुले र तराईका कैलाली, कंचनपुर जिल्लामा बसाईसराइ गरी पहाडी जिल्लाबाट आएका परिवारहरुले समेत महिनावारी र सुत्केरी भएका बेला घरका कुनैपनि सरसामान, खाना, भान्सा र अन्य मानिसहरुलाई छुनु हुँदैन, देवीदेवताको मन्दिर र थानमा जानुहुदैन भन्ने अन्धविश्वास कायम छ । सुत्केरी वा महिनावारी भएका महिला लाई घरबाट केही पर बनाइएको भुपडीमा बस्न लगाइन्छ । यस्तो ठाउँलाई *'छाउपडी कुडी वा छाउगोठ'* भनिन्छ । महिनावारी भएको बेला घरबाट केही पर बस्ने परम्परालाई स्थानीय भाषामा छुई वा छाउ वा बहिर सर्ने वा नछुने भन्ने जस्ता शब्दहरुबाट सम्बोधन गर्ने गरिन्छ । छाउपडी तथा सुत्केरी भएको समयमा उनीहरुलाई कसैले छुन नहुने र घर परिवारदेखि अलग बस्ने परम्परा छाउपडी कुप्रथा हो । नेपालका अन्य जिल्लाका अतिरिक्त कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश का जिल्लाहरुमा यो प्रथा बढी मात्रामा कायम छ। सुत्केरी भएको ३५ दिनसम्म र महिनावारी भएको ५ देखि ९ दिनसम्म घरदेखि टाढाको छाप्रोमा बस्नु पर्ने हुन्छ ।

## अन्धविश्वास

छाउपडी बस्ने महिलाले दही, दुध खाएमा र घर तथा भाँडाकुडा



छोएमा देउता रिसाउँछन् भन्ने अन्धविश्वास रहेको छ । सुत्केरी तथा महिनावारी भएकी महिलालाई अघिपछि भन्दा बढी सफा रोख्नुपर्ने तथा प्रशस्त पोषिलो आहार खुवाई आराम गराउनु पर्ने अवस्थामा शिक्षित, सम्पन्न र सभ्य भनिने घरका छोरी, बुहारी समेत महिनावारी हुँदा घरका गाई-भैंसीको दूध खाँदैनन् । यस्तो बेलामा घरमा पालेको गाई-भैंसीको दूध खाए दूध दिन छोड्छन् भन्ने अन्धविश्वास छ ।

परम्परागत जनविश्वासका कारण यस्ता महिलालाई छोएको खण्डमा वा कुनै लसपस भएमा अशुद्ध हुने भएकाले छोए पनि सुनपानीको छिटो हाल्ने, गहुँत खुवाउने चलन छ । प्राचीनकाल देखि चलिआएको परम्परालाई ल्याएर महिलाहरु महिनावारी तथा सुत्केरी भएको अवस्थामा छुईछाई गरेमा घरका कुलदेवता रिसाउने र परिवारमा हानी नोक्सानी पुग्ने, शरीर सुक्दै जाने, अन्नबाली नफल्ने, अनावृष्टि तथा अतिवृष्टि हुने, घरमा सर्प, बाघ, भालु आउने अन्धविश्वास छ ।

## महिनावारी के हो त ?

महिनावारी कुनै पाप होइन, महिलाको शरीरको बनोटमै जैविक रुपमा प्राप्त भएको वरदान हो । यो किशोरावस्थामा शरीको वृद्धि विकासको चरण संगै हुने एक सामान्य शारीरिक परिवर्तन हो । महिलाको अण्डाशयबाट डिम्बहरु उत्पादन हुन्छन् । डिम्बहरु र अण्डाशयबाट एस्ट्रोजिन र प्रवजेस्टेरोन नाम गरेका हर्मोनहरु निस्कन्छन् । यी हार्मोनको प्रभावले पाठेघरको भित्री तहमा हुने परिवर्तनका कारण महिनावारी वा रजस्वला हुन्छ । यो क्रम प्राकृतिक रुपमा सकारात्मक र मावन विकास तथा विस्तारका लागि नभई नहुने पक्ष हो । साधारणतया महिनावारी बाह्र वर्ष देखि पन्ध्र बर्ष सम्म सुरु हुन्छ । एउटा भएको सुरु दिनदेखि २१-३५ दिनसम्ममा भएको महिनावारी साधारण मानिन्छ । तरपनि समग्रमा यसको अवधि २८ दिन मानिन्छ । महिलाको उमेर ४५ देखि ५५ हुँदा यो प्रकृया बन्द हुन्छ । यदि महिला र पुरुषबीचको अन्तर यति थिएन भने कसरी सन्तान जन्माउने र सृष्टि चल्न सक्थ्यो ? त्यसैले महिनावारी भई कुनै चिजवस्तु छोएकै कारण कुनै पनि माथि उल्लिखित घटनाहरु हुदैनन् । छाउपडी कुप्रथा पनि प्रथा परम्पराको नाममा गरिने महिला विरुद्धको हिंसा हो । महिनावारीलाई अशुद्ध मानिनु अपुष्ट र भ्रमपुर्ण सोचको रुपमा विकास भएकोले यस बिषयमा सबैजना सचेत हुन जरुरी छ ।

## परिणाम



यसरी गयो पार्वतीको ज्यान

यस प्रदेशको धेरै जसो क्षेत्रहरुमा छाउपडी कुप्रथा त्यहाँको धर्म र सस्कृतिको रुपमा विकसित मानिन्छ । सस्कृतिको आडमा महिलाहरु माथि गरिने यस्ता अमानविय व्यवहार मानव अधिकारका विरुद्धमा छन् । सुत्केरी होस वा महिनावारी महिलाका प्रजनन् अंगबाट रातो पदार्थ निस्के पछि उनी अछूत हुन्छीन् ।

सुत्केरी अवस्थामा लामो समय सम्म रज्वस्वला भइरहने हुनाले सुत्केरी हुँदा महिलाले जाडो वा गर्मी होस, छाउ हुँदा होस् छाउगोठमा घर र परिवारबाट अलग भएर बस्नु पर्दछ र यस्तो नाजुक अवस्थामा उनले बच्चा र आफ्नो स्याहार आफैंले गर्नु पर्दछ । यतिमात्र नभइ सुत्केरी अवस्थामा उनलाई दहि-दुध जस्ता तागत लाग्ने खानेकुराहरु समेत छुन र खन दिइदैन, पर्याप्त लत्ता-कपडा र ओच्छयाउने सरसामान समेत दिइदैन । धारा, खोला तथा दहहरुका पानी छुन दिइदैन ।

छाउपडी कुप्रथाका कारण विभिन्न अप्रिय घटनाहरु हुने गरेका छन् । छाउपडी गोठमा बसेका बेला बलात्कृत हुने, कठ्याङग्रिएर, रक्तश्राव भएर, सर्पले टोकेर मृत्यु भएका घटनाहरु हामीले सुनेका र देखेका नै छौ । हालसम्म अछाम र बाजुरा जिल्लामा मात्र १५ जना महिला तथा किशोरीहरुको छाउगोठमा मृत्यु भएको तथ्यांक छ । सुदूरपश्चिम प्रदेश को सबै जिल्लामा छाउपडी प्रथा मानिने भएकोले छाउगोठमा मृत्युवहन गर्नेको संख्या अझै बढी हुन सक्ने अनुमान गर्न सकिन्छ ।